म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १२ सोमबार, २६ साउन २०८२ ने. सं. ११४५ गुँल्लागा 11 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ४ दिनदेखि बेपत्ता विष्ने कुलोमा मृतफेला

हेटौंडा, २५ साउन/मकवानपुरको कैलाश गाउँपालिका-९ स्कुलडाँडाका ४६ वर्षीय विष्ने भनेर चिनिने मानबहादुर प्रजा मृतअवस्थामा फेला परेको मकवानपुर प्रहरीले जानकारी दिएको छ । परिवारका अनुसार प्रजा गत साउन २२ गते बिहान करिब ९ बजे घरबाट कसैलाई नभनी हिँडेका थिए । परिवारले खोजतलासका क्रममा आफन्त, नातागोता तथा छिमेकीले विभिन्न स्थानमा खोजे पनि उनी फेला परेका थिएनन् । पछि प्रहरीटोली समेत संलग्नतामा खोजी गर्दा आइतबार बिहान करिब ९:२५ बजे घरबाट करिब १ किलोमिटर दक्षिणतर्फ पर्ने मनहरी खोलामा पानीघट्ट चलाउनको लागि बनाइएको कुलोमा उनको शव भेटिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार कानुनी प्रक्रिया पूरा गरी शव पोष्टमार्टमका लागि हेटौंडा अस्पताल ल्याइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जनाइएको छ ।

### मध्यवर्ती क्षेत्र खारेजीका लागि पहल गर्छौं: महेश बर्तौला

# भूमि विधेयक पारित भएन, सांसदले शंका गरेपछि बैठक स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ नेकपा एमालेका मुख्यसचेतक महेश बर्तौलाले आगामी दिनमा मध्यवर्ती क्षेत्र खारेजीका लागि पहल गरिने बताएका छन् ।

उनले सत्ताधारी दलका प्रमुख साझेदार नेपाली काँग्रेससँग यस विषयमा पटकपटक कुरा भइसकेको बताएका छन् । नेकपा एमाले मनहरी गाउँ कमिटीको चौथो पूर्णबैठकलाई सम्बोधन गर्दै एमालेका केन्द्रीय सदस्य समेत रहेका बर्तौलाले मध्यवर्ती क्षेत्र खारेज नभएपनि सीमाना हेरफेरको कुरामा आफूहरु दृढताकासाथ लागेको बताएका छन् । अबको १० दिनभित्र भूमिसम्बन्धी विधेयक प्रतिनिधिसभाले पारित गर्ने र मध्यवर्ती क्षेत्रका भूमिहीन र अब्यवस्थित बसोबासीका लागि पनि लालपुर्जा बितरण गर्ने गरी कानून निर्माणले मूर्तरुप पाउने उनको भनाइ छ ।



'जनताले भूस्वामित्व ग्रहण गर्न पाउने अधिकार स्थापित गर्नका लागि हामीले अगुवाई गरेका हौँ', बर्तौलाले भने, 'अध्यादेश निष्क्रिय भएपनि पुन: अध्यादेशमा भएकै प्रावधानलाई समेटेर बनेको बिधेयक पारित गरेरै छाड्छौं ।' उनका अनुसार राष्ट्रिय निकुन्ज तथा संरक्षित क्षेत्रहरुका मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने बासिन्दाले भूमिको स्वामित्व पाउने गरी विधेयकले न्याय गर्नेछ । आफूहरु मध्यवर्ती क्षेत्र नै हटाउने पक्षमा रहेको उनले जिकिर गरे । सकेसम्म मध्यवर्ती क्षेत्र हटाउने र नसके सीमाना हेरफेर गरेर जनताको जीवन सहज बनाउनका लागि नीतिगतरुपमा भूमिका खेलिने उनले बताएका छन् ।

संसदबाट भूमिसम्बन्धी विधेयक पारित भएमा मनहरी गाउँपालिकामा ८ हजारभन्दा बढी भूमिहीन, अव्यवस्थित बसोबासीले लालपुर्जा प्राप्त गर्ने मनहरी गाउँपालिका निवर्तमान अध्यक्ष एकराज उप्रेतीले बताएका छन् । राष्ट्रिय निकुन्ज तथा मध्यवर्ती क्षेत्रसम्बन्धी प्रावधानका कारण लालपुर्जा बितरण गर्न समस्या भइरहेको बिगत सम्झँदै उप्रेतीले संसदबाट भूमिसम्बन्धी विधेयक पारित गर्ने खबरले खुशीको सञ्चार भएको बताए । भूमि विधेयक पारित भएमा देशभरका १५ लाख भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीले लालपुर्जा प्राप्त गर्ने कानूनी बाटो खुल्ने छ ।

यद्यपि संसदीय समितिमा विचाराधीन भूमि विधेयक आइतबार पनि पारित हुन सकेन । संसद्को कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिमा आइतबार मन्त्रालयले पेस गरेको संशोधित प्रतिवेदनमा समितिका सदस्यहरुले आशंका गरेपछि अध्ययनका लागि भन्दै बैठक स्थगित गरिएको हो । समितिमा आइतबार संशोधित दफा १२ (छ) मा छलफल भएको थियो । यसअघि दफामा हदबन्दीभन्दा धेरै जग्गा लिनुअघि डीपीआर तथा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको थियो । संशोधित दफामा स्वीकृत गराउनुपर्ने व्यवस्थाको सट्टा 'स्वीकृत प्रतिवेदन पेस गर्नुपर्ने' उल्लेख गरिएको थियो ।

नेपाली काँग्रेसका सांसद वीरबहादुर बलायरले भूमिसम्बन्धी विधेयकको भाषा अस्पष्ट भएको भन्दै आपत्ति जनाएका थिए । सांसद बलायरले विधेयकका कतिपय प्रावधानमा घुमाउरो भाषा रहेको भन्दै सबैले बुझ्ने गरी स्पष्ट र सरल भाषामा लेख्न जरुरी रहेको बताएका छन् । उनले विधेयकको भाषामा स्पष्टता नहुँदा कानूनी द्विविधा उत्पन्न हुने चिन्ता व्यक्त गरे । उनले घर जग्गा व्यवसायीले हदबन्दीभन्दा बढी जग्गा लिन पाउने र जग्गा नपाइकनै डिजाइन तथा निर्माण योजना र पर्यावरणीय प्रभाव मूल्यांकन बुझाउनुपर्ने प्रावधान स्पष्ट नरहेको भन्दै आपत्ति जनाए । उनले जग्गाको स्वामित्व पाएपछि मात्रै डिपिआर तयार गर्नेगरी भाषागत सुधार गर्न माग गरे ।

'सबैले थाहा पायो भने थाहा हुन्छ भनेर हो कि यो क्लियर भाषामा नआउने । अलिअलि अड्काइ राख्नुपर्ने, अलिअलि तन्काइ राखनुपर्ने यो भएन । अब त द्विविधायुक्त कुनैपनि कानूनले चाहीँ काम गर्दैन । स्पष्ट भाषा हुन जरुरी छ' उनले भने, 'मैले नबुझेको कुरा चाँही के छ भने यो हदबन्दीभन्दा बढी जग्गा लिनुपर्ने अनि उसले स्वामित्व नपाउँदै डिपिआर र इआइए बुझाउने ? जग्गा उसको स्वामित्व आएपछि पो डिपिआर होला नि, यो अस्पष्ट भयो । यसलाई सबैले थाहा पाउनेगरी आउनुपर्यो । त्यसकारण यसमा भाषा मिलाउन आवश्यक छ ।' घुमाउरो भाषाका कारण भविष्यमा कानूनको दुरुपयोग हुनसक्नेतर्फ उनले सरकारको ध्यानाकर्षण गराए ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी भूमिसम्बन्धी विधेयक माथिको दफावार छलफलमा सांसदहरुमाथि नै खनिएका छन् । मन्त्री अधिकारीले सांसदहरुले पूर्वसहमतिबाट पछि हटेर अनावश्यक विवाद सिर्जना गर्न खोजेको आरोप लगाए । विधेयकको केही प्रावधानमा सांसदहरुले फेरि प्रश्न उठाएकोप्रति उनले आपत्ति जनाए । सिरानको विषयलाई पुछारको विषयसँग प्रस्तावित संशोधनमा अध्ययन गर्न पाउनुपर्ने मागपछि समिति सभापतिले बैठक स्थगित गराएकी छिन् । अब थप छलफलका लागि मंगलबार बैठक बस्नेछ ।

## मुख्यमन्त्री बानियाँलाई विश्वासको मत दिन एमालेको ह्वीप




साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई विश्वासको मतदिन सत्ता साझेदार नेकपा एमालेले आफ्ना सांसदलाई ह्वीप जारी गरेको छ ।

कांग्रेस र एमाले गठबन्धनबाट यही साउन २० गते मुख्यमन्त्री पदमा नियुक्त बानियाँले यही साउन २७ गते संसद्बाट विश्वासको मत लिँदै छन् । यस प्रयोजनका लागि आगामी मंगलबार अपराह्न ४ बजेका लागि बागमती प्रदेशसभाको बैठक आह्वान गरिएको छ । त्यसदिन संसद्मा अनिवार्य उपस्थित भई मुख्यमन्त्री बानियाँका पक्षमा मतजाहेर गर्न एमालेले आफ्ना २७ सांसदलाई ह्वीप जारी गरेको हो । 'बागमती प्रदेशका नवनिर्वाचित मुख्यमन्त्री बानियाँको अनुरोधमा प्रदेशसभामा विश्वासको मत प्राप्त गर्ने प्रयोजनका लागि आउँदो २७ गते मंगलबार दिनको ४ बजे प्रदेशसभाको बैठक आह्वान गरिएको छ ।

'बैठकमा अनिवार्य उपस्थित भई विश्वासको मतको पक्षमा मत जाहेर गर्नुहुन निर्देशानुसार अनुरोध गर्दछु', एमाले बागमतीका प्रमुखसचेतक एकालाल श्रेष्ठद्वारा हस्ताक्षरित पत्रमा भनिएको छ । यसअघि मुख्यमन्त्री बानियाँलाई विश्वासको मतदिन नेपाली कांग्रेसले पार्टीका सांसदहरुलाई ह्वीप जारी गरेको थियो । शनिबार कांग्रेस बागमती प्रदेश संसदीय दलका सदस्यसचिव मीनकृष्ण महर्जनले एक सूचना सम्प्रेषण गर्दै मुख्यमन्त्री बानियाँको विश्वासको मतसम्बन्धी प्रस्तावमाथिको छलफलमा अनिवार्य उपस्थित हुन निर्देशन गरेका थिए ।

कांग्रेसका बागमती प्रदेश सभापतिसमेत रहेका बानियाँ आफ्नो दलका ३७ र सत्ता साझेदार एमालेका २७ गरी कुल ६४ सांसदको समर्थनमा मुख्यमन्त्री बनेका हुन् । ११० सदस्य रहेको बागमती प्रदेशसभामा बानियाँलाई विश्वासको मत प्राप्त गर्न ५६ सांसदको समर्थन आवश्यक रहन्छ ।






साझाकुरा

## हाम्रो कुरा

# पूर्वाधारमा लागत बढेको बढ्यै

हाम्रो समाजमा राष्ट्रिय गौरवको आयोजनालाई 'दुहुनो गाई' ठानेर परियोजनाका लागत बढाउन गिरोह नै सक्रिय हुने गरेको छ । मेलम्ची खानेपानी, अपर तामाकोशी हाइड्रो, भैरहवा र पोखरा क्षेत्रीय बिमानस्थल, उत्तरदक्षिण करिडोरलगायत आयोजनालाई हेर्दा नेपालको विकासको अवस्था स्पष्टसँग बुझ्न सकिन्छ । शिलान्यास गर्दा ७५ अर्ब रुपैयाँमा निर्माण सम्पन्न हुने भनिएको निजगढ-काठमाडौं फास्टट्र्याकको लागत सवा दुई खर्ब रुपैयाँ पुऱ्याइएको छ । निर्माण सम्पन्न गर्ने मिति थपिरहने र लागत बढाइरहने खेल पुरानै हो । काठमाडौँ-तराई/मधेश द्रुतमार्गको भौतिक प्रगति ४२ प्रतिशत पुगेको छ । विसं २०८३ चैतभित्र निर्माण सम्पन्न गर्ने गरी काम भइरहेको द्रुतमार्ग आयोजनाको भौतिक प्रगति २०८२ असार मसान्तसम्म ४२ दशमलब १३ प्रतिशत पुगेको छ । नेपाली सेनाले सार्वजनिक गरेको तथ्यांक अनुसार द्रुतमार्ग सडक आयोजनाको मोबिलाइजेसन सहित वित्तीय प्रगति भने ४४ प्रतिशत भएको छ । द्रुतमार्गको लागि हालसम्म ८० अर्ब ५४ करोड रुपैयाँ खर्च भइसकेको नेपाली सेनाले जानकारी दिएको छ । सुरुवातमा ७५ अर्ब रुपैयाँमा निर्माण सम्पन्न गर्ने भनिएको थियो । पछि एक खर्ब ७५ अर्ब लगानीमा सम्पन्न गर्ने भनिए पनि द्रुतमार्गको अहिले लागत बढेर दुई खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ पुगेको छ ।

प्याकेज नं. ११ अन्तर्गत पर्ने खोकना-डुकुछाप खण्डमा जग्गा अधिग्रहणसम्बन्धी समस्याका साथै द्रुतमार्गको सुरुविन्दु र सवारी आवागमन व्यवस्थापन सम्बन्धमा निर्णय हुन बाँकी रहेकाले खरिद प्रक्रिया सुरु हुनै बाँकी रहेको नेपाली सेनाले जनाएको छ । यो खण्डमा पर्ने जग्गाको मुआब्जा वितरणका लागि सम्बन्धित जग्गाधनीसँग समन्वय भइरहेको छ । जग्गा अधिग्रहणसम्बन्धी समस्या समाधानका लागि सम्भावित विकल्पको डिजाइन कार्य अगाडि बढिरहेको नेपाली सेनाले जानकारी दिएको छ । हालसम्म स्वीकृत डिपीआर अनुसार खोकना-डुकुछाप क्षेत्रमा मूल्यनिर्धारण भई अधिग्रहण हुन बाँकी जग्गा १६०-०-२-१.६७ तथा मूल्यनिर्धारण हुन बाँकी जग्गा १६५-६-०-३ रोपनी रहेको छ । द्रुतमार्गको सुरुविन्दु यकिन तथा अन्य डिजाइन परिमार्जन बमोजिम अधिग्रहण गर्न बाँकी जग्गाको परिमाणमा परिमार्जन हुनसक्ने देखिएको तथ्यांकमा छ । सातवटा सुरुङमार्गको कुल लम्बाइ १०.९७९ किलोमिटर रहेको छ । तीन किमि ३८६ मिटरको बायाँ टनेलको दुई किमि २८६ मिटर अर्थात् ६८ प्रतिशत खन्ने कार्य सम्पन्न भइसकेको जनाएको छ । त्यस्तै प्याकेज नं. २ अन्तर्गत एक किमि ६९० मिटर लम्बाइ रहेको धेद्रे सुरुङमार्ग र प्याकेज नं. ३ अन्तर्गत एक किमि ६२२ मिटर लम्बाइ रहेको लेनडाँडा सुरुङ भने ब्रेकथ्रु भइसकेको छ । दुई किमि २५० मिटर लम्बाइ रहेको चन्द्रामभीर सुरुङको ९९ मिटर निर्माण प्रगति भएको छ । ५८३ मिटर लम्बाइ रहेको मौरीभीर सुरुङ, एक किमि मिटर लम्बाइ रहेको देवीचौर सुरुङ र ३९० मिटर लम्बाइ रहेको सिसौटार सुरुङको पोटल निर्माणको कार्य भइरहेको छ । आयोजनाअन्तर्गत जम्मा ८९ स्थानमा रहेका पुलमध्ये ८५ स्थानका पुल निर्माणको चरणमा रहेका छन् । निर्माणाधीन अधिकांश पुलको फाउन्डेसन कार्य सम्पन्न भई सुपरस्ट्रक्चरको कार्य भइरहेको छ ।

५१ स्थानका पुलको फाउन्डेसन निर्माण सम्पन्न भएको छ । २६ स्थानका पुलको संरचना तथा छ स्थानका पुलको माथिको भागको संरचनासम्मको कार्य सम्पन्न भएको नेपाली सेनाले जनाएको छ । ९.३ किलोमिटर सडकको सब-बेस तथा सर्भिस लेनमा पाँच किलोमिटर सडकको कालोपत्रे कार्य सम्पन्न भएको छ । द्रुतमार्गको निजगढक्षेत्रमा जनावरका लागि अन्डर पासको सबस्ट्रक्चरको कार्य सम्पन्न भएको छ । त्यस्तै द्रुतमार्गको २४.८ किलोमिटरदेखि ७०.९७ किलोमिटरसम्ममा पर्ने जग्गाको अधिग्रहण सम्पन्न भई निर्माण भइरहेको छ । निर्माणका क्रममा रेखांकन अनुकूलन तथा परिमार्जित डिजाइनबमोजिम पूर्वनिर्धारित मार्गाधिकारभन्दा बाहिरको थप जग्गा अधिग्रहण तथा रुख कटानका लागि पूरक वातावरणीय प्रभाव मूल्यांकन स्वीकृति गरिएको छ । द्रुतमार्गको ३५ किलोमिटरदेखि ४९ किलोमिटरसम्म पर्ने रानीसेरा तथा बुदुनेखण्डको पूरक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन २०८१ वैशाख ७ गतेको वन तथा वातावरण मन्त्रालय मन्त्रीस्तरको निर्णयबाट स्वीकृत भएको थियो । प्रस्थानविन्दु खोकना र अन्तिमविन्दु निजगढ रहेको काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको कुल लम्बाइ ७० किमि ९७७ मिटर रहेको छ । विसं २०७४ मा चार वर्षभित्र काम सक्ने गरी सरकारले निर्माणको जिम्मा नेपाली सेनालाई दिएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन २७ गते मंगलबार १२ अगष्ट २०२५ । तृतीया, भाद्र कृष्णपक्ष । गुँल्लागा ११४५ ने.सं. । सूर्योदय ५:३३, सूर्यास्त ६:४३ । अन्तर्राष्ट्रिय युवा दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कार्यमा ढिलाइ | **तुला** | : आफन्तबाट सहयोग |
| **वृष** | : ऋण र शत्रु वृद्धि | **वृश्चिक** | : शत्रुबाट बाधा सृजना |
| **मिथुन** | : शैक्षिक कार्यमा सफलता | **धनु** | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| **कर्कट** | : परिवारमा विवाद | **मकर** | : रोकिएका काम बन्नेछ |
| **सिंह** | : खिन्नता रहने | **कुम्भ** | : व्यापारमा विशेष फाइदा हुनेछ |
| **कन्या** | : शैक्षिक कार्यमा सफलता | **मीन** | : शत्रु सजिलै हराउन सकिनेछ |

# सत्तामा बस्नु मात्रै राजनीति हो ?



**क्रान्तिशिखा**

गत महिना आफू हुर्केको दाङका बस्तीहरू चहार्न मन लाग्यो । अघिपछि पनि दाङ गइरहेकै थिएँ तर यसपल्टका अनुभूतिहरू केही भिन्न थिए । हामी सबैलाई थाहा छ- माओवादीले चलाएको सशस्त्र युद्ध कालमा दाङ रणनीतिक केन्द्र बन्न पुग्यो । राप्ती उपत्यकाले सयौं गोप्य बैठकहरू देख्यो । भूमिगत क्रान्तिका पाइला निस्किए, सपना र बन्दुक एकैचोटि जन्मिए । एकले उज्यालो खोज्थ्यो, अर्काले अँध्यारोलाई चुनौती दिन्थ्यो । जहाँ आशा हतियार जस्तै धारिलो थियो, परिवर्तन कुनै भाषणको विषय थिएन, जीवनको अनिवार्यता थियो । हरेक कान्ला र बाटोले क्रान्तिका पाइला चिनेका थिए । हरेक रातले बाँच्नुपर्ने साहस माग्थ्यो । जनताको हृदयमा व्यवस्थाप्रतिको वितृष्णा थियो, भविष्य प्रतिको विश्वास पनि त्यतिकै बलियो थियो ।

पानी र माटो एउटै देशको भए पनि, पीडा र पहिचान सधैं एउटै इतिहासले व्याख्या नगर्ने रहेछ । भिन्न-भिन्न भूगोलको स्वरूप भए पनि उपेक्षाबाट उम्रिने सामूहिक पीडा, आक्रोश र आशाका आकुलताहरू अक्सर साझा हुने रहेछ । दशकौंसम्म दाङले राजनीतिक रूपान्तरणको आशा बोकेको थियो गाउँ-गाउँबाट विद्यार्थी आन्दोलनमा हिंडेका पाइला, भूमिहीनका रुँदै लेखिएका निवेदन र आकाशमा हल्लिएका झन्डाहरू सबैले परिवर्तनको आकांक्षा बोकेका थिए । तर आज उही दाङ, जुन कहिल्यै झुकेन, एक अघोषित आत्मसमर्पणको बाटोमा छ । यो आत्मसमर्पण स्वाभिमानको होइन, थकाइको हो । यो प्रतिकारको होइन, उपेक्षासँग लड्न नसक्ने थकित भावनाको हो । दाङ, बेलझुण्डीको चियापसलमा बसेर संसार बुझिरहेकी महिलालाई मैले नजिकैबाट अनुभूति गरें । उनलाई थाहा छ पानी कहिले आउँछ, बत्ती कहिले जान्छ, ग्राहक कहिले झुल्किन्छन् । उनीसँग अनुभवको योजना छ, संघर्षको कार्यान्वयन र आशाको रणनीति छ । तर उनी राज्यको लागि एउटा 'अनौपचारिक अर्थतन्त्र' हुन् ।

राज्यका नीति-निर्माताहरूका लागि उनी आँकडामा अटाउँदिनन् तर उनले तिनका प्रचारहरूलाई आफ्ना छोरीका किताबहरूको मूल्यसँग तिनको बजेट भाषण मिलाएर हेर्दैछिन् । उनी आफ्नो पसलसँगै एउटा समाज पनि चलाइरहेकी छिन् जहाँ सपना, श्रम र स्वाभिमान तीनै कुरा तातो चिया जस्तै उम्लिरहेछन् । त्यसैले त नक्शामा रङ्गीन रेखाहरूले बनाएका सिमानाहरूले यथार्थको सम्पूर्ण कथा कहिल्यै भन्नै सक्दैनन् । राजनीतिक मञ्चमा भौगोलिक उपस्थिति भन्दा सञ्चारमुखी छवि निर्माण प्रमुख भएपछि यो समस्या विकराल हुने रहेछ । कुनै भूगोल हिमालको चिसोमा कठोरता बोक्दै बाँचेको छ, कुनै तराईको घाममा पसिना झारेर जीवनलाई थामेको छ । यी केवल माटोका टुक्रा होइनन् उपेक्षाले कुँदिएका साक्षी हुन्, यी माटोले चोट बोकिरहे, तर केन्द्रले ती घाउहरू सधैं बिर्से झैं गरे । न सुने न स्वीकारे ।

खासमा ती महिला त एउटी प्रतीक मात्रै हुन् संरचनागत उपेक्षाकी । मैले धेरै स्थानीय अग्रज अनि समकालीनहरूसँग संवादमा जे पाइरहेको थिएँ त्यसले मलाई बदलिएको समयको नबदलिएको यथार्थसँग अमिलो साक्षात्कार गराउँदै थियो । र राजनीति प्रतिका आफ्ना विगतदेखिका बुझाइहरूमाथि प्रश्न पनि एकसाथ उब्जाइरहेको थियो । यो देशको धेरै ठाउँमा सत्ताले बारम्बार बिर्सेका जनताको सम्झना अझै माटोले सँगालिरहेको छ । यी सैर्षहरू केवल अतीतका घाउ होइनन्, भविष्यका तरङ्ग हुन् जसले परिवर्तनको गति बोकेका छन् । ती चेतनाहरू हुन्, जसमा परिवर्तनको सास चलिरहेको छ र त्यही सासको आहट सुनिन्छ ।

मुलुकका विविध सामाजिक, भौगोलिक र आर्थिक अनुहारहरू एउटै आवाजमा गुन्जिरहेका छन्, तर ती आवाजहरूमा समाहित पीडा, अपेक्षा र निराशा संरचनागत असमानता र राज्यको सीमित पहुँचले अझै टुक्रिएका छन् । यी केवल स्थानीय चीत्कार होइनन् यी त विस्थापन र विस्मरणका, सपना र संग्रामका साझा राष्ट्रिय सन्देश हुन् । जस्तै २०४६ सालको जनआन्दोलनमा दाङका युवाहरूले उठाएका ढुंगामुढा केवल विरोधका हतियार थिएनन्, ती निरंकुशताको दरबार हल्लाउने जनआक्रोशका प्रतीक थिए । उनीहरूको गलाबाट निस्किएको 'लोकतन्त्र'को नारा पहाड चिरेर राजधानीसम्म गुञ्जियो, जहाँ सिंहासनहरू काँप्न थाले । २०६२/६३ को दोस्रो आन्दोलनमा काठमाडौंको विरोधलाई दाङ जस्तै अनेकौं जिल्ला र गाउँको बलिदानले थाम्यो । जसले कुनै शीर्षक खोजेनन्, उनीहरूले आन्दोलनको मेरुदण्ड बनेर रक्त स्नानको कथामा आफ्नो नाम लेखे ।

उपेक्षा, बेरोजगारी र सामाजिक असमानता आज कुनै एक क्षेत्रमा मात्र सीमित छैन सबै खाले भूगोलहरूमा समान रूपमा व्याप्त छ । यो क्रमश: स्पष्ट हुँदैछ देशका विविध भूगोल र संस्कृतिमा राष्ट्रिय चेतनाको एउटै धुन घन्किरहेको छ, जहाँ भिन्नता हुँदाहुँदै पनि समानता खोज्ने आकांक्षा दिनप्रतिदिन गहिरिंदै गएको छ । राज्यले ती अनुहारहरूलाई छायाँमा धकेल्यो जहाँ भोलिको सत्ता र स्वरूपबारे बहस हुन्थ्यो । संविधान बने, सरकार फेरिए, तर दाङ फेरि पनि उही पङ्क्तिमा उभिइरह्यो, जहाँ न्याय आउँदैन, केवल प्रतीक्षाको लामो छायाँ मात्र बाँकी रहन्छ । आज ती आन्दोलनमा होमिएका अधिकांश अनुहारहरू गुमनाम छन् उनीहरूले सिर्जेको नयाँ युगको दस्तावेजमा उनीहरूको नाम कतै उल्लेख छैन ।

गाउँ-गाउँबाट उठेका विद्यार्थी आन्दोलनका पाइला, भूमिहीनका रुँदै लेखिएका निवेदनहरू र आकाशमा हल्लिएका झन्डाहरूले एउटा नयाँ बिहानको सपना देखाएका थिए । तर आज त्यो सपना अघोषित आत्मसमर्पणतर्फ लम्किरहेको छ । यो आत्मसमर्पण स्वाभिमानको होइन थकाइको हो । प्रतिकारको होइन उपेक्षासँग बारम्बार हारिरहेको, थकित भावनाको स्वीकारोक्ति हो । देशका हरेक इँटामा, पसिनाको हरेक थोपामा जनताको श्रमको हस्ताक्षर अङ्कित छ । उनीहरू नै हुन्, जसले भोलिको मुलुकका लागि आजै असम्भव जस्तो श्रम दिए, तर जब जीवन साँझतिर ढल्किन्छ, त्यही विवरणहरू उनीहरूलाई बिर्सिए झैं गर्छ । जो श्रमको मेरुदण्ड बने, अन्तत: तिनकै कथा तथ्याङ्कको पृष्ठमै हराएको जस्तो भयो ।

ठूलठूला नक्शाहरू कागजमा त फस्टाए, तर ती न त गोठको ओत लाग्ने छानोमा झरे, न त बाँझो खेतको डिलमा टेके । शहरले ज्वरो मापन गर्न यन्त्र पाए पनि, गाउँ अझै पनि निधारको तापले निर्णय गर्छ, त्यहाँ थर्मामिटर भन्दा अनुभूतिको स्पर्श अझै विश्वसनीय छ । होर्डिङ बोर्डमा, भाषणमा अनि योजनामा तर त्यो रङ्ग गाउँको छानामा विकासको रङ्ग मोफसलको चोकसम्म त आउँछ । तर पहाडका पाखामा गुन्जिने अभाव र तराईका भित्री टोलमा बस्ने निराशा उस्तै छन्, स्वरविहीन तर अस्तित्वको पीडा प्रकट गर्ने विक्षिप्तता । यहाँ सवाल कुन ठाउँको हो भन्ने होइन, सवाल पीडाको हो जो भूगोलले होइन, बेवास्ताले समान बनाएको साझा सत्य हो ।

आमाले दूधे बच्चा लिएर स्वास्थ्य चौकी पुग्न दुई घण्टा उकालो हिंड्नुपर्ने विवशता अर्कै छ, किशोरीले किताबको ठाउँमा दाउराको भारी बोक्दै बाल्यकाल गुमिरहेको बाध्यता आफैंमा विघ्न छ, युवा पुस्ता देश प्रेमको गीत गाउने स्वप्न भन्दा पहिले वैदेशिक रोजगारको फारम भर्न बाध्य छन्, यस्तो देख्दा बुझ्नुपर्छह यो पीडा कुनै एउटा भूगोलको होइन समग्र देशको सामाजिक संरचनाको हो, जसले झकझक्याइरहेका छन् । यी सामाजिक संरचनामा गाँसिएका असमानताका हुन् । विद्यालयका घण्टीहरू तिनकै श्रमले बजेका छन्, भन्सारका ढोका तिनकै पसिनाले खुलेका छन्, बजारका रफ्तार तिनकै पाइलाले चलेका छन् । इतिहासको निष्ठुरता त यही हो, विकास सधैं तिनकै नाममा लेखिन्छ तर कहिल्यै तिनको जीवनमा आइपुग्दैन ।

जसले देश बोकेको छ, उसकै कथा संसद्को मञ्चमा हराएको छ । यी समाजका मुख्य पात्रहरू संसद्को भव्य मञ्चमा अपरिचित बनेका छन् । करको बोझ तिनमाथि यथावत् छ । महँगी र भाडाको घाँटीमा बाँधिएको डोरीले दैनिक जीवन साँघुरो कोठा जस्तै बन्दै गएको छ जहाँ श्वास फेर्न पनि अब झ्याल खोज्नुपर्छ । त्यो पनि खुल्ने ग्यारेन्टी छैन । यस्तो सामाजिक असमानता, आर्थिक शोषणले मुलुकको आधारभूत संरचनामा भूकम्प ल्याइरहेको छ, जसले भविष्यलाई अझ अनिश्चित र ध्वस्त पारिरहेको छ । रोजगारीको सूचीमा उनीहरूको नाम कहिल्यै अटाउँदैन, तर बिहान ५ बजेदेखि साँझ ७ बजेसम्म उनीहरू श्रमिक, शिक्षक, व्यवसायी पनि हुन् ! आमा हुन्, बुबा पनि हुन् । हरेक बिहान उनीहरू आफ्नो शरीर, चुलो चौका, समाज र कहिलेकाहीं आफ्नै सपनासँग लडिरहेका हुन्छन् ।

राज्यका कागजमा उनीहरू 'अनौपचारिक' श्रेणीमा वर्गीकृत छन्, तर जीवनको सबैभन्दा औपचारिक, गम्भीर र निर्णायक जिम्मेवारीहरू उनीहरूकै काँधमा छन् । तर यी जनताको पसिनामा बनेका सपना राजनीतिक नक्शामा देखिँदैनन् । 'स्थानीय योजना' भनिने हरेक कोसेली ठूलो भाषणको छायाँमा हराउँछ, अनि धैर्यको नाममा राज्यले यी स्रोतहरूलाई बिर्सन्छ मानौं जनता केवल प्रतीक्षा गर्नको लागि जन्मिएका हुन् । बेलायती राजनीतिज्ञ रोरी स्टेवार्टद्वारा लेखिएको हाउ नट् टु बी अ पोलिटिसियन पुस्तक जीवन्त राजनीतिक यात्राको साक्षी हो । उनले लेखेका छन्- पोलिटिक्स इज नो लंगर अबाउट बिइङ प्रेजेन्ट, इट्स अबाउट बिइङ प्रोजेक्टेड । अर्थात् राजनीति अब जनताको बीचमा उपस्थित हुने होइन, स्क्रिनमा देखिने र ब्रान्ड हुने अभ्यास बनेको छ । रोरीले आफ्नै राजनीतिक जीवनमा यो परिवर्तन नजिकबाट देखे जहाँ नेताहरू संसद्भन्दा क्यामेराको फ्रेममा रमाइरहेका थिए, र सेवाभन्दा प्रस्तुति महत्वपूर्ण बन्दै गएको थियो ।

उनले सत्ता र सेवा बीचको दूरी गहिरो रूपमा महसुस गरे । उनी इराकदेखि बेलायतसम्म जनताको नजिक हुने नेता थिए, तर जब उनले बुझ्न थाले कि राजनीति अब 'उपस्थिति' होइन 'प्रस्तुति' मा सीमित हुँदै छ, उनले सत्ता होइन, सत्य रोजे र रङ्गमञ्चबाट ओर्लिए । उनी अभिनय गर्न आएका नेता थिएनन् । उनी सेवक बन्न चाहन्थे, तर त्यो ठाउँ सेलिब्रिटी बन्ने चक्रव्यूह जस्तो बन्दै गइरहेको थियो । युद्धग्रस्त इराकको रगताम्य भूमि र बेलायतका चिसा गल्लीहरूमा हिंड्दा उनले जनता भेटे र ती जनतासँगै जीवनको यथार्थ भेटे । तर जब उनी वेस्टमिन्स्टर भित्र छिरे, उनले केवल पर्दा भेटे सत्ताको अभिनय, स्क्रिप्ट पढ्ने नेता र देखावटी प्रतिबद्धताहरू । जहाँ सत्य लुकाइन्थ्यो र अभिनय देखिन्थ्यो ।

भलै उनी नेता थिए, तर बोलाइ जनता जस्तै थियो, बुझाइ झन् अझ गहिरो थियो । उनी बोल्दा भाषण होइन, मन बोल्थ्यो जसमा न नाराको गर्जन हुन्थ्यो, न वाक्यको सजावट, केवल अनुभूतिको साँचोपन हुन्थ्यो । जनताको दु:खेसोले ढोका ढकढक्याउँथ्यो, र उनी हरेक चोटलाई आफ्नै शरीर जस्तो महसुस गर्थे । 'नेता' समृद्ध मुलुकको होस् या सैर्षशील भूमिको मानिसको पीडा बुझ्ने भाषा त एउटै हुन्छ भन्ने कुरामा उनले जीवनैपिच्छे दस्तखत गरे । चुरे संरक्षणका योजनाहरू सिंहदरबारका फाइलमा मुस्कुराइरहेका छन्, तर चुरेका खोलाहरू मधेशका बस्ती बगाइरहेका छन् । त्यो खोलामा बगेको पानी होइन, उपेक्षाको बहाव हो । जो राज्यको नजरमा कहिल्यै बाँधिन सकेन । मधेशलाई हेऱ्यो उस्तै बिझाउँछ, एकातिर वर्षामा घर बगाएर लैजान्छ, अर्कोतिर हिउँद लाग्छ, अनि किसानहरू बाल्टिन बोकेर सुख्खा खोल्सामा पानी खोज्दै हिंड्छन् । खेतीको बेलामा आकाश हेरेर पानी माग्नुपर्छ, राति ओछ्यानमा निदाउनु अगाडि पानीको चिन्ता गर्नुपर्छ । मधेशका किसानहरूका लागि 'सिंचाइ सुविधा' एउटा सरकारी शब्दजाल हो, जुन संसद्मा बजेटसँगै बग्छ, तर गाउँघरमा धूलोसँगै हराउँछ । आज नागरिकहरूले नेताहरूलाई देख्छन्, तर महसुस गर्न सक्दैनन् । भूगोल देखिन्छ, तर त्यसमा भावना छैन । योजनाहरूको घुइँचो छ, तर साथ र सरोकारको आभास छैन । यस्तोमा रोरी स्टुवार्टको चेतावनी हामी र नेपाली समाजका लागि दर्पण हो ।

हामीलाई आज राज्यको छायाँ मात्रै होइन, त्यसको जीवित उपस्थिति चाहिएको छ । गहिरो विश्वास र भरोसाको अनुभूति चाहिएको छ । बाचा होइन, विश्वास चाहिएको छ । बनावटको झल्को होइन, प्रत्यक्ष सहभागिता, आत्मीयता र जनताको सामीप्य चाहिएको छ । यी भूभागहरू नै मुलुकको भविष्यको गति निर्धारण गर्ने आधार हुन् । राज्यले यो आवाज समयमै सुन्न सकेन भने ठूलो विग्रह अपरिहार्य छ । यो अवस्था केवल एउटा जिल्लाको होइन, यो मुलुकको सामूहिक बेहोशी हो । बोल्न छोडेको समाजमा दबाब हुन्छ । दबिएको जनसत्ता, दबिएको सम्भावना । इतिहासले यी गाउँहरूलाई बारम्बार परिवर्तनको प्रवेशद्वार बनायो, तर राज्यले सधैं अन्तिम सन्देशवाहक बनायो । यी विकासको पोस्टर हुन्, शून्य प्रतिबद्धताको दृष्टान्त पनि हुन् । यो पनि राज्यले नसम्झिने गरी बिर्सियो ।

आज देशको भावी गति तय गर्ने महत्वपूर्ण बिन्दु यिनै हुन् । यदि यहाँ अझै पनि परिवर्तनका लागि आवाज उठेन भने, त्यो शान्ति होइन, सहनशीलताको अन्तिम सीमापछि आउने विस्फोट मात्र हुनेछ । यसलाई समयमै सुन्ने साहस गरिएन भने ठूलो विग्रह अपरिहार्य छ । अहिले जनता बीचबाट उठेको प्रश्नले सिङ्गो व्यवस्थालाई कठघरामा ल्याइरहेको छ 'तपाईंहरू चुनाव जितिरहनुभएको छ, तर हामी किन हरेक दिन हारिरहेछौं ?' यो प्रश्न केवल गुनासो होइन, यो त्यस्तो घाउ हो जसले हरेक दिन जनताको आत्मसम्मान र आशालाई रेटिरहेको छ । बेलायती राजनीतिकर्मी रोरी स्टेवार्टको कथनले मलाई दाङका बस्तीहरूले भोगिरहेको उपेक्षासँग साक्षात्कार गर्न झन् सजिलो पारिदियो । जनतामा उपस्थित भएर होइन सुकिला स्क्रिनमा प्रस्तुत हुनुलाई नै राजनीति ठान्ने सत्तामुखी मानसिकता माथि झन् बढ्ता प्रश्न गर्न मन लाग्यो । राजनीति यसैगरी अनुत्तरदायी, अभिनयमुखी र आत्म मुग्ध रहिरह्यो भने, जनताले चुनावमा मात्र होइन, चेतनामा पनि परिवर्तन ल्याउनेछन् । अनि त्यो दिन, 'सत्तामा बस्नु' होइन, 'साथमा उभिनु' नै राजनीति बन्नेछ ।

*(साभार: अनलाइनखबर)*

# शहरिया सम्भ्रान्तहरुको तीज र सांस्कृतिक बीभत्सीकरण

**मुक्तिबन्धु**

यही साउन १० गते । काठमाडौंका एकजना प्रबुद्ध साथीकोमा गएको थिएँ । घर कम्पाउन्ड ठूलो थियो । तीजको भव्य कार्यक्रम चलिरहेको देखें । यस वर्षको तीज भदौ ९-१० गते पर्छ । कार्यक्रम त एक महिनाअगाडिबाटै चलेको छ त ? बेमौसमको बर्सात्जस्तो ! प्रश्न मनमै रह्यो । साथीसित छिट्टै कुरा सकेर आफ्नो मुकामतिर फर्कें । मन 'इति ह आस' तिर दगुऱ्यो । हिन्दीको 'बुहारना'बाट नेपालीमा 'बुहारी' बनेछ, 'बुहार्तन' बनेछ । नेपाली शब्दकोशले जे भनोस्, कामको प्रकृतिले यही भन्छ ।

परम्परागत बुहारीहरु घर, पिँडी तथा आँगनसमेतको बढारकुँढार, लिपपोत, सफासुग्घरका साथै परिवारका लागि खाना पकाउने, पस्कने, बाँड्ने, खानापछि भाँडाकुँडा सफा गर्ने, परिजन सबैका लुगा धुने, जंगलबाट घाँस-दाउरा ल्याउने, पँधेराबाट पानी खेप्ने, गाईभैंसीलाई घाँस-पानी दिने, बेलुका भान्छाको तमाम काम सकेर घर भरिका मान्यवर महिलाहरुका गोडा मिच्ने, कोपरा व्यवस्थित गर्ने र अन्त्यमा श्रीमान्का गोडा मिचेर सन्तुष्ट पारेपछि बिहान साढे ३ बजेतिर उठ्नका लागि मनको 'अलार्म' ठीक पारेर सुत्ने गर्थे । सासू र नन्द-आमाजूका दृष्टिमा बुहारी भनेका फलामका मान्छे हुन्थे, तिनले यी यावत् काम जसरी पनि भ्याउनै पर्थ्यो, भ्याउँथे पनि । गाउँ समाजमा बुहारीमाथिको यो कार्यभारलाई बुहार्तन भन्ने चलन थियो ।

कोलमा र हलोमा नारिने गोरुले समय-समयमा बिदा पाउँथे, घरकाजमा नारिने बुहारीले कुनै समय बिदा पाउँदैनथे । उनीहरुले पाउने बिदा वर्षभरिमा तीजका दुई दिनमात्र हुन्थे । यस बिदामा चेलीहरु हुत्तिँदै-बत्तिँदै माइत पुग्थे । त्यो पनि माइतीमा आमा हुनुहुन्थ्यो भने । माइतीमा व्रतका अघिल्ला दिन खाइने अलि दह्रो खानालाई दर भनिन्थ्यो । जसका घरमा जे छ त्यसैलाई अलि विशेष गरी पकाएर राति दर खान्थे । आमाका हातले दिएका कोदाका रोटी र नुन-खुर्सानी पनि छोरीलाई अमृत लाग्थ्यो । व्रतका दिन छरछिमेक, साथीसङ्गाती, दिदीबहिनी जुटेर नजिकैको मन्दिर जान्थे । नाच्थे, गाउँथे । आ-आफ्ना मनका बह पोख्थे ।

यो अस्तिदेखि हिजोसम्मको तीजको कथा हो । गाउँमा गाउँ हुँदाको कथा हो । परम्परागत घैंटाहरुमा घाम नलाग्दाका बेलाको कथा पनि हो । समय हाम फालेर आज अर्कै परिवेशमा आइपुगेको छ । आज गाउँहरुले गाउँ छोडिसकेका छन् । कतै शहर स्वयं खोच्याउँदै गाउँ पस्दो छ । कतै गाउँहरु घस्रँदै शहर पसिरहेछन् । कतै त उभिएर हेर्दा पनि को कता पसेको, छुट्याउन गाह्रो छ । काँठहरु त शहरसँग डराएर यत्रतत्र भागी नै सके । जो बाँकी गाउँमा पनि आज गाउँहरु छैनन् । कति त विदेश पुगिसकेका छन् । मानव बेचबिखनको हुरीले गाउँको यौवन सिनित्तै पारेर उडाइसकेको छ । बूढाबूढी बाँकी छन् । तिनले के दर खान्छन्, के तीज मान्छन् ? आपसमा बसेर आफ्ना बेलाका दगुरादगुरका कथा हाल्छन्, समय काट्छन् । विदेश गएका छोराछोरी जीवित नफर्केका बूढी आमाहरुका नाक-कान बुच्चिएजस्तै हिजोआज गाउँबस्ती हुँदो चाडबाड पनि बुच्चिँदै गएको छ । यता राजधानीलगायतका शहरका कैरन बेग्लै छन् । शहरबजारमा तिथिमितिभन्दा एक-डेढ महिनाअगाडिबाटै तीज आउन थालेको छ । आयो भनेपछि हुनेखाने घरपरिवारका फुर्सदिला महिलाहरुका तनमनमा रमझम र छमछम शुरु हुन्छ । होटल, रिसोर्ट र पार्टी प्यालेसहरुमा नाचगान र खानपानका रंगीन कार्यक्रमहरु चल्छन् । एउटै जमातका पनि कार्यक्रम महिनौं चल्छन् । आजका यी शहरिया दरहरुमा निर्धारित तिथिको चिरप्रतीक्षित रात छैन । समानमर्मी दिदीबहिनी र आमाको साथ छैन । गाउँका पुराना खीर, रोटी, चाम्रे छैनन् । दही-दूध छैन । गरिब घरमा तेलकै भए पनि भुटुन राखेर पकाएको कोदोको रोटी त झनै छैन । यहाँ त किसिम-किसिमका नाम र दामका ननभेज स्न्याक्सहरु छन् । देशी-विदेशी महँगा पेयपदार्थहरु छन् । चौरासी व्यञ्जनसहितका मूल्यवान् भोज्यसामग्रीहरु छन् । जुट्नेमा यहाँ आमाहरु छैनन्, साथीहरु छन् ।

समान हैसियतका नातेदारहरु छन् । बजारले के निर्देश गर्छ, त्यसअनुसारका अलंकार एवं परिधानहरुका पहिरनमा सजिसजाउ रानीसाहब, मैयाँसाहब र राजकुमारीहरु छन् । आपसमै अघोषित प्रदर्शन छ, प्रतियोगिता छ । उद्दाम, उत्तेजक नाच-गीतले वातावरण घन्केको छ । गीतमा गाउँघर र बुहार्तनका कथा छैनन् मात्र हैन, कर्कशा सासू र भाङ्भुत्ते लोग्नेका पीडा-कथा छैनन् मात्र पनि हैन, नेपालको धर्तीमै उफ्रेर गाइएका गीत छन् र पनि यिनमा नेपाल नै छैन, छ त केवल भुइँफुट्टा भाव छ । भ्रष्ट र नवधनाढ्य परिवारका भुइँफुट्टा नवनायिकाहरुबाट जन्मेर हुर्कन थालेको भुइँफुट्टा संस्कृतिको अपरिमित उन्माद छ । हाकिम महिला, हाकिमका पत्नी महिला सरकारी गाडीमा सवार हुन्छन् ।

विभिन्न बिचौलिया र बेचबिखन कम्पनीका महिला आ-आफ्ना अफिसका गाडीमा सवार हुन्छन् । अब त नेता, नेतृ, नेताका श्रीमती, छोरी, बुहारी र प्रेमिकाका पनि आफ्नै गाडी छन् । गाडी भएपछि होटल, रिसोर्टहरु टाढा भए पनि टाढा लाग्दैनन् । कार्यक्रममा सधैं महिला मात्र हुन्छन् भन्ने पनि छैन, यदाकदा तिनका पुरुष पनि सम्मिलित हुन्छन् । पुरुष मित्र पनि सम्मिलित हुन्छन् । भदौको घामजस्तै समाजवादोन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रको टन्टलापुर प्रताप अहोरात्र व्यापक छ त यहाँ उहाँहरुलाई बाधा के छ ? शहरमा तीज आज हाँसो-ठट्टाको महिनाव्यापी चाड बनेको छ । संयुक्त मधुपानको चाड बनेको छ । नाचगानको चाड बनेको छ । पोशाक र गहना प्रदर्शनको चाड बनेको छ । दिउँसैदेखि कार्यक्रम हुन्छ । मस्तीमा झुम्दै राति घर फर्कन्छन् । तदारुकताका साथ काम सम्पन्न गरेर असार मसान्तमा बिल पछ्यौंट गर्ने गरी सरकारी कोषबाट असार १५ गते साइट-साइटमै विकास बजेट पुग्दा विकासे मालिकहरुका ब्याङ्कखाता दंग परेजस्तै साउन लागेपछि शहरका पार्टीप्यालेस, होटल, रिसोर्टहरु पनि दंग परेका छन् । सधैं नाचगान, सधैं भोज । प्रसरणशील लुतोजस्तो छ नयाँ संस्कृति, जति कन्यायो उति मज्जा ।

क्रमश: पृष्ठ-३....

# कारागारभित्रै प्रभुत्व जमाउने होडले निम्त्याएको कैलाली घटना

काठमाडौं/गत बिहीबार कारागार प्रशासन कैलालीले तीन जना कैदीबन्दीलाई भीमफेदी कारागार मकवानपुर सरुवा गऱ्यो । अदालतमा पेसीका लागि लैजाने भनेर तीन जनालाई सुटुक्क अन्यत्र कारागार सरुवा गरिएको आरोप कैदीबन्दीले लगाए । कैदीबन्दीले भनेजस्तै भुपेन्द्र बडुवाल हत्या आरोपितहरूको पेसी २२ साउनमा थियो । त्यसका लागि प्रहरीले १४ जनालाई अदालत उपस्थित गराएको थियो । न्यायाधीश दण्डपाणि लामिछानेको इजलासमा बयान र बकपत्र तोकिएको थियो । त्यो काम सकिएपछि जयन्द्र शाह समूहका व्यक्ति भनिएका कपिल श्रेष्ठसहित तीनजनालाई कैलाली कारागारबाट सरुवा गर्दै भीमफेदी लगियो । स्रोतका अनुसार बाँकी ११ जनालाई भने प्रहरीले हिरासतमा राख्यो ।

एउटा समूहलाई यो कारागार सरुवा मन परेको थिएन । यसअघि पनि कारागार प्रशासनले पटक-पटक नन्दु सरकार (नन्दु स्वाइड) समूहका व्यक्तिहरूको कारागार सरुवा गर्दै आएको थियो । कैलाली क्षेत्रमा गुण्डागर्दी गर्दै आएको आरोप लागेका नन्दु सरकारका मुख्य नवीन रावल समेतलाई यसअघि कैलाली कारागारबाट सरुवा गरिएको थियो । पटक-पटक आफ्नो समूहका व्यक्तिलाई सरुवा गरेको भन्दै यो समूहले चिढियो । पेसीका लागि लगिएको भनिएका व्यक्ति फर्किनन् । अनि शुक्रबार दिउँसोबाटै कारागारमा आतंक सिर्जना भयो । प्रहरी उच्च स्रोतका अनुसार हिरासतमा लगिएका केही व्यक्तिसँग सोधपुछ गरेपछि प्रहरीले कारागार लग्यो ।

कैलाली कारागारमा तीनवटा ब्लक छन् । ए र बी ब्लकमा पुरुष कैदीबन्दी र सी ब्लकमा महिला कैदीबन्दी बस्दै आएका छन् । अहिले भएको झडप ए र बी ब्लकका कैन्दीबन्दीहरूको हो । बी ब्लकका कैदीबन्दीको सरुवा र केहीलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएपछि खचाखच भरिएको कारागार केही खुकुलो भयो । बी ब्लकका कैदीबन्दी घटेको भन्दै ए ब्लका केही कैदीबन्दीलाई बी ब्लकमा सारियो । 'हाम्रो समूहका व्यक्ति सरुवा गर्ने । अनि ए ब्लकका कैदीबन्दी हाम्रोमा सार्ने' भनेर बी ब्लकका कैदीबन्दी चिढिए । २८ असारमा मात्रै बी ब्लकका कैदीले ए ब्लकका कैदीलाई आक्रमण गरेको आरोप थियो । पहिलाको तुष कायमै रहेको अवस्थामा कैदीबन्दीको सरुवा भएपछि शुक्रबार दिउँसो १२ बजेतिरबाट सुरु भएको तनावको यो श्रृंखला मध्यरातमा पुग्दा रणमैदानमा परिणत भयो । ए ब्लकका कैदीले बी ब्लकमा आक्रमण गर्ने र बी ब्लकका कैदीले एक ब्लकमा आक्रमण गर्ने श्रृंखला चल्यो । पर्खाल समेत फोडेर ढुंगा हानाहान भयो ।

यो बीचमा प्रशासन भने रमिते बन्यो । कारागारमा सुरक्षार्थ खटिएको प्रहरीदेखि कारागार प्रशासन हेर्ने जिम्मेवारी पाएको कारागार कार्यालयको भूमिका सक्रिय देखिएन । परिणाम एकजना कैदीको (भरत चौधरी) ज्यान गयो, ४९ जना घाइते भए । दुईजनाको अवस्था चिन्ताजनक छ । सुरक्षाकर्मीको नियन्त्रणबाहिर रहेको कैलाली कारागारको अवस्था विस्तारै सुधारोन्मुख रहेको जिल्ला प्रहरी कार्यालय कैलालीका डीएसपी तथा प्रवक्ता राजुकमार सिंहले बताए । 'अवस्था अहिले नर्मल हुँदै गएको छ । प्रारम्भिक


ग्याङवार सम्झाउने कैलाली कारागार झडप

अवस्था बुझ्ने कामहरू भइरहेका छन्,' डीएसपी सिंहले संचारकर्मीसँग भने । यो अवस्थामा सिर्जना हुनुमा कारागारभित्र आफ्नो प्रभुत्व कसले जमाउने भन्ने विषयसँग जोडिएको घटनालाई नजिकबाट नियालेका एक सुरक्षा अधिकारी बताउँछन् ।

'कैलाली क्षेत्रमा हुने गरेका गुण्डागर्दी र त्यसमा आबद्ध व्यक्ति कारागार चलान हुनु र कारागारभित्रै विभिन्न ग्याङ बनाएर प्रभुत्व जमाउन खोज्दा यो अवस्था निम्तिएको हो,' एक अधिकृत भन्छन्, 'हिजो बाहिर रहेका समूहहरू प्रहरीको कारबाहीपछि कारागार पुगे र अहिले उनीहरूले कारागारभित्र पनि त्यस्तै प्रभुत्व जमाउन खोज्दा यो अवस्था आएको हो ।' ती अधिकृतले भनेजस्तो कैलालीमा पछिल्लो समय चारवटा समूहका नाममा गुण्डागर्दी हुँदै आएको छ । जसमा जयन्द्र शाह समूह, नन्दु सरकार (नन्दु स्वाइड), कोब्रा सरकार र इगल समूह सक्रिय छन् । तीमध्ये अहिले नन्दु सरकारका धेरै मान्छेहरू भुपेन्द्र बडुवाल हत्याकाण्डमा जोडिएर कारागार चलान भएका छन् । जयन्द्र शाह समूहका पनि केही व्यक्ति कारागार छन् । सानो रूपमा देखिएका कोब्रा सरकारले नन्दु सरकारलाई सहयोग गर्दै आएको छ । इगल समूहले भने प्रभाव जमाइसकेको अवस्था छैन । मुख्य गरी नन्दु सरकार र जयन्द्र शाहको समूहबीच टकराव चल्दै आएको प्रहरी अधिकारीहरू बताउँछन् । संचार कर्मीको सम्पर्कमा आएका जयन्द्र शाह भने आफ्नो कुनै समूह नरहेको र आफू व्यवसाय गरेर बस्दै आएको दाबी गर्छन् ।

यी दुई समूहका साथै अन्य व्यक्तिले समेत कारागारभित्र आफ्नो प्रभुत्व जमाउन खोज्दा द्वन्द्व बढ्दै गएको र त्यसको परिणाम शुक्रबारको घटना रहेको स्रोत बताउँछ । यद्यपि, यो विषय छानबिनकै क्रममा रहेकाले अहिले नै घटनाको कारण किटान गर्न सक्ने अवस्था नरहेको छानबिन समितिका संयोजक तथा कैलालीका सहायक सीडीओ किरण जोशी बताउँछिन् । 'घटनाबारे बुझ्ने काम सुरु गरेका छौं । पहिल्यै निवेदन पनि आएकाले कहाँ सुरक्षा कमजोरी भएछ भन्ने हेर्छौं । तर अहिले नै यो कारणले घटना भयो भन्ने अवस्था छैन,' जोशीले संचारकर्मीसँग भनिन् ।

यसअघि २८ असारमा पनि यो कारागारमा झगडा भएको थियो । त्यसअघि नाइके खगेन्द्र बोगटी कारागारभित्रै कुटिएका थिए । प्रशासनले उनलाई कसले कुट्यो भनेर नबताए पनि जयन्द्र शाह समूहका कपिल श्रेष्ठले कुटेको आरोपमा नन्दु सरकार समूहका मान्छेले लगाएका छन् । कारागार भित्र मुख्यगरी यी दुई समूहबीच झगडा र टकराव हुन थालेपछि प्रशासनले धमाधम सरुवा गरेको थियो । त्यसपछि यी समूहहरू छिन्नभिन्न भएर कमजोर भएका थिए । यी समूह कमजोर भएपछि अन्य व्यक्तिले कारागारमा आफ्नो प्रभुत्व जमाउन खोजे । 'प्रभुत्व जमाउन खोज्ने समूहबीचकै इगो र झगडाले अहिलेको अवस्था आएको हो,' एक अधिकृतले संचारकर्मीसँग भने । खुकुरी प्रहारमा जेल कनेक्सन देखिएपछि सरुवा गरिएको थियो नन्दु समूह

प्रहरीका अनुसार जयन्द्र शाह समूहका भनिएका व्यक्ति भुपेन्द्र बडुवालको २३ कात्तिक २०७८ मा हत्या भएपछि नवीन रावल नेतृत्वको नन्दु सरकार समूहका १९ जना कारागार चलान भएका थिए । जो अहिले पनि कारागारमै छन् । नन्दु सरकारका धेरै व्यक्ति कारागारमा रहे पनि बाहिर आक्रमण भने रोकिएन । त्यसको पछिल्लो उदाहरण गत १५ जेठमा टीकापुरमा कफी पिइरहेका एक व्यक्तिमाथि खुकुरी प्रहार भएको थियो ।

खुकुरी प्रहारमा संलग्न व्यक्ति र कारागारमा रहेका नन्दु सरकारका मान्छेसँग कनेक्सन देखिएको थियो । त्यसपछि कैलाली कारागारमा रहेका नन्दु सरकारका धेरै कैदीबन्दीको सरुवा गरिएको थियो । ३ असारमा कैलाली कारागार प्रशासनले नन्दु सरकारका महेश रावल, रोशन शाही, रोहित आले, अशोक रावललाई दाङ कारागारमा सरुवा गरेको थियो । त्यतिबेलै कैलालीबाट बर्दिया कारागारमा सन्तोष भनिने सविनजंग शाही, प्रवीण रिमाल, सोहन शाह, विकास शेरचन, धिरज भनिने दीपेन्द्र शाही सरुवा भएका थिए । नवीन रावल, अनुज भनिने चिरञ्जीवीजंग शाही, हिमाल शाही र हेमन्तबहादुर शाही दैलेख कारागारमा सरुवा भएका थिए ।

आफ्नो समूहका व्यक्तिलाई सुटुक्क कारागार सरुवा गरिएको भन्दै यो समूह चिढिएको थियो । जुन कुरा कैदीहरूले मानव अधिकार आयोगलाई लेखेको पत्रबाट समेत थप प्रष्ट हुन्छ । 'कानुन र प्रक्रियाबमोजिम गरिने स्थानान्तरणको विषय परिवारका सदस्यलाई समेत जानकारी नदिई रातिराति स्थानान्तरण गरियो,' कैदीबन्दीका तर्फबाट आयोगलाई लेखिएको पत्रमा उल्लेख छ ।

**गोली हानेर समातिएका नन्दु सरकारका सदस्य पनि घाइते**

घाइते हुनेहरूको सूचीमा प्रहरीले केही समयअघि गोली हानेर पक्राउ परेका व्यक्तिसमेत छन् । जिल्ला प्रहरी कार्यालय कैलालीको विशेष टोलीले २८ जेठमा गोली चलाएर रिदम ढुंगाना र मिलन चन्दलाई पक्राउ गरेको थियो । ज्यान मार्ने उद्योगको आरोपमा फरार रहेका उनीहरूलाई पक्राउ गरेर कार्यालय ल्याइँदै थियो । भजनी गाउँपालिका-७ मा आएपछि पिसाब फेर्ने निहुँ बनाएर भाग्न खोजेको भन्दै प्रहरीले गोली हान्यो । उनीहरू गत १५ जेठमा टीकापुर नगरपालिका-१ का एक व्यक्तिमाथि खुकुरी हानेको घटनामा पक्राउ परेका थिए । अदालतको आदेशपछि पुर्पक्षका लागि कारागार चलान भएका उनै मिलन अहिले घाइते भएका छन् ।

उनीहरू नन्दु सरकार समूहमा आबद्ध रहेको प्रहरीको भनाइ छ । विगतका घटनाहरूको दुश्मनी र त्यसको बदला लिन आक्रमणमा उत्रिने गरेको प्रहरीले बताउँदै आएको छ । त्यतिबेला खुकुरी खाने व्यक्ति कैलालीमै रहेको जयन्द्र शाह समूहमा आबद्ध रहेको प्रहरीको भनाइ छ । त्यसैको बदलामा नन्दु सरकार समूहका व्यक्तिले आक्रमण गरेको प्रहरी स्रोत बताउँछ । पछिल्लो समय कैलालीमा जयन्द्र शाह र नन्दु सरकार (नन्दु स्वाइड) समूह बनाएर गुण्डागर्दीमा संलग्न रहँदै आएका छन् । ठेक्कापट्टा र चन्दा असुलीबाट उदाएको यो समूह पहिले एउटै थियो । पछि फाटो आएपछि दुई समूहमा विभक्त भएको थियो । त्यसपछि सुरु हुन थालेको दुश्मनी अहिलेसम्म पनि निरन्तर रहेको एक प्रहरी अधिकारी बताउँछन् ।

**डेढ महिना अघि अर्का कैदीको मृत्यु**

कैलाली कारागारमा करिब डेढ महिनाअघि पनि एक व्यक्तिको पनि रहस्यमय मृत्यु भएको थियो । बैंकिङ कसुरको मुद्दामा दोषी ठहर भएका डडेल्धुरा भागेश्वर गाउँपालिका-५ का २८ वर्षीय हरि सिंह पालीको २ असारमा कैलाली कारागारमा मृत्यु भएको हो । २९ जेठमा पक्राउ परेर कारागार पठाइएका पाली मृत्यु घटनामा अहिले नेपाल प्रहरीका असई नै पुर्पक्षका लागि कारागारमा छन् । जिल्ला प्रहरी कार्यालय कैलालीमा कार्यरत असई हरिजित नाथलाई अदालतले पुर्पक्षका लागि कारागार चलानको आदेश दिएसँगै उनी कारागारमा छन् । राति एक्कासि बिरामी परेको भन्दै पालीलाई सेती प्रादेशिक अस्पताल धनगढी लगिएको थियो । अस्पताल पुऱ्याएको केही समयमै उनको ज्यान गयो । असई नाथबाटै हत्या भएको आरोप लगाउँदै परिवारले जाहेरी दिए ।

नाथविरुद्ध जाहेरी दिनुको पछाडि पालीलाई कारागार पुऱ्याउने पनि उनै थिए । उनैले दिएको जाहेरीको आधारमा पालीलाई २ लाख जरिवाना र १० कैदको सजाय सुनाइएको थियो । पालीको मृत्यु भएपछि पोष्टमार्टम रिपोर्टमा समेत शरीरमा चोटपटक रहेको भन्ने उल्लेख भएपछि असई नाथ कारागार चलान भए । यो घटनाको छानबिनका लागि पनि त्यतिबेला सहायक सीडीओ किरण जोशीकै नेतृत्वमा समिति बनाइएको थियो । उक्त समितिले समेत कुटपिट भएको देखिएको भन्ने रिपोर्ट दिएको थियो । डेढ महिनाको अवधिमा पाली र चौधरी गरी दुईजनाको कैलाली कारागारभित्रै ज्यान गएको छ । करिब ५० जना घाइते छन् । तीमध्ये २ जनाको अवस्था अहिले पनि गम्भीर रहेको बताइन्छ । पटकपटक कारागारभित्र झडप हुँदा त्यहाँ रहेका कैदीबन्दीहरू असुरक्षित हुँदै आएका छन् ।

३१ असार २०८० मा पनि कैलाली कारागारमा अनुगमन गर्न गएका प्रहरीमाथि कैदीबन्दीले आक्रमण गरेका थिए । त्यतिबेला कैदीबन्दीहरूले कारागारभित्रै मोबाइल चलाएको पाइएको थियो । १५ थान मोबाइल र ३३ थान चार्जर एक लाख ४ हजार भारु समेत बरामद भएको थियो । २२ जेठ २०८० मा कारागारभित्रै मदिरा र लागुऔषध बिक्री हुने गरेको पाइएको थियो । मदिरा पिएर झगडा गरेपछि यो विषय बाहिर आएको थियो । त्यसपछि १६ कैदीबन्दीको सरुवा गर्नुको साथै कारागार सुरक्षा प्रमुख पनि फेरि एका थिए । योभन्दा अघि जेलभित्रै लागुऔषध कारोबार भएको पाइएपछि १९ माघ २०७९ मा प्रहरी र जेलरको जिम्मेवारी खोस्दै अन्यत्र सरुवा गरिएको थियो ।

**सुरक्षामा गम्भीर चुक**

यो घटनाबारे कारागार प्रशासनदेखि त्यहाँको सुरक्षाका लागि खटिएको टोली, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, कारागार व्यवस्थापन विभाग, गृहमन्त्रालय, प्रधानमन्त्री कार्यालयसम्म जानकार थिए । कारागारभित्रै विभिन्न समूहका नाममा अवैध गतिविधि, धम्की, लागुऔषध कारोबारसम्मका हुने गरेको र आफूहरू असुरक्षित रहेको भन्दै ५९० कैदीबन्दीले १४ साउनमा राष्ट्रिय मानव अधिकार आयोगमा निवेदन दिएका थिए । आयोगको सुदूरपश्चिम प्रदेश कार्यालय धनगढीमा निवेदन आएपछि आयोगले १९ साउनमै आवश्यक पहल गर्न भन्दै जिल्ला कारागार कार्यालयलाई पत्र लेखेको थियो । पत्र प्रधानमन्त्री कार्यालयसम्मलाई समेत बोधार्थ दिइएको थियो ।

आयोगकी मानव अधिकार अधिकृत मन्दिरा श्रेष्ठको हस्ताक्षर गरेको उक्त पत्रमा भनिएको छ, 'निवेदनमा जिकिर गरिएअनुसार आन्तरिक सुरक्षाका लागि त्यहाँ कार्यालय, मातहत निकाय, कर्मचारी तथा तालुक कार्यालय र सरोकार वाला निकायसँग के-कस्तो प्रशासनिक र समन्वयतात्मक कार्यहरू सम्पन्न भएका छन् ? पत्र प्राप्त भएको मितिले १५ दिनभित्र आयोगको यस कार्यालयमा उपलब्ध गराउनू र निर्देशनअनुसारको काम कारबाही गर्नू ।' कारागारभित्र बेथिति र असुरक्षा बढेको पूर्वजानकारी हुँदासमेत प्रशासन निरीह देखिएको छ ।

जबकि, यस घटनामा गृहमन्त्रीदेखि प्रधानमन्त्रीसम्मलाई जानकारी गराइएको थियो । यति हुँदाहुँदै सुरक्षा संवेदनशिलतालाई ख्याल नराख्दा ठूलो दुर्घटना भएको देखिन्छ । प्रधानमन्त्री कार्यालयसम्म घटनाको पूर्वजानकारी गराए पनि समयमै इन्टरभेन्सन नहुनु ठूलो कमजोरी रहेको पूर्वडीआईजी हेमन्त मल्ल ठकुरीको बुझाइ छ । 'आयोगले पहिल्यै पत्रसमेत पठाएको रहेछ । तर प्रशासन चनाखो भएको देखिएन । यसमा राज्यको ठूलो कमजोरी देखिन्छ,' उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# शहरिया सम्भ्रान्तहरुको तीज....

मारा त मारा नै हो । वनमा वनमारा संस्कृति पसेको छ । रैथाने वन-बोटहरु लखेटिँदै छन् । गाउँ-शहरमा तरमारा संस्कृति पसेको छ । देशभक्ति र इमान-जमानको संस्कृति लखेटिँदो छ । चित्रबहादुरजीका उखानजस्तै 'कुराजस्तो कुरा गरौं भने चित्त फाट्ने, नाचजस्तो नाच गरौं भने घाँघर फाट्ने !' कुरा त रमाइलो छ ।

आँखा उघारेर हेर्दा यहाँ, त्यहाँ, जहाँ पनि देखिन्छ । विगत केही दशकबाट हाम्रो नेपालमा सांस्कृतिक अतिक्रमण व्यापक बन्दै छ । संस्कृतिको बीभत्सीकरण त्यत्तिकै छ । दासयुग र सामन्त युगका कतिपय भारी बिसाएर विधिवत् पापमोचन गर्न बाँकी नै रहेको हाम्रो संस्कृति उत्कृष्ट नभए पनि निकृष्ट पनि होइन । यसमा भुक्तभोगी नेपाली जनजीवनमा व्यवहारत: माझिँदै आएको सरलता, स्वाभाविकता र मिलनसारिता छ । मात्तिन, पात्तिन छेक्ने लज्जाचेत छ । आफ्नो देश र समाजप्रति मायाको भाव छ । बाटो हेरेर पाइला राख्नुपर्छ, घाँटी हेरेर हाड निल्नुपर्छ भन्ने समझदारी छ । दुश्मनसँगका युद्धमा अपलायन एवं विजयगामी बहादुरी छ । देशभक्तिले ओतप्रोत बहादुरी । अनुपम बहादुरी । यति हुनु केही पनि नहुनु होइन । यिनै सोचसमझले हाम्रा समाजलाई चाडपर्व, विवाह, व्रतबन्ध आदि सामाजिक कामकाजहरुमा समेत आवश्यक पथप्रदर्शन गरिआएका हुन् । समाजपरक संस्कृति एक किसिमले सामाजिक अनुशासन पनि हो । नेपाली समाजमा अनुशासनको अभाव थिएन । यसैले नेपाललाई जोगाएको थियो भन्न पनि मिल्छ ।

विगत केही दशकभित्र मुलुकको राज्यसत्तामा प्रत्यायोजित धमिराहरु पुगेपछि र यत्रतत्र तिनका दरबार ठडिएपछि रैथाने स्थापत्यहरु रोगाएका छन् । जताततै अतिक्रमणका ढोका खुलेका छन् । भूगोलमा अतिक्रमण छ । भाषामा अतिक्रमण छ । धर्म-संस्कृतिमा अतिक्रमण छ । नेपालको भाग्य भविष्यमाथि नै व्यापक अतिक्रमण छ । अतिक्रमणको स्वागत र प्रवर्तनमा सबै रङ्गढङ्गका धमिराहरु तँछाडमछाड गर्दै लागिपरेका देखिन्छन् । जीउभरि धमिरा सल्किसक्दा पनि हामी रैथाने नेपाली जनताले अझै चेतेका छैनौं । उदेक लाग्छ । हामीकहाँ धर्म, संस्कार, संस्कृतिका आफ्नै रीतिस्थितिहरु थिए । माटो र बाटो अनुकूल थिए, आ-आफ्ना लिकमा थिए । आज विवाह, व्रतबन्ध, न्वारान, पास्नी, जन्मोत्सवलगायत कुनै पनि चाडपर्व परम्परागत लिकमा छैनन् । आवश्यकता अनुभूत हुँदा परम्परागत लिकमै टेकेर सुधार र परिवर्तन गर्दा स्वाभाविक हुन्थ्यो । मौलिकता र पहिचान जोगिन्थ्यो । अतिक्रमणलाई स्वागत गर्ने हतारोमा त्यतातिर सोच्नुपर्नेले पनि सोच्न भ्याएनन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# दुई दिन कस्तो चले 'मोहर' र 'सिटामोल' ?





काठमाडौं/गत जेठ महिनादेखि एकपछि अर्को आशातित फिल्मले अपेक्षित व्यापार गर्न नसक्दा फिल्म क्षेत्रमा छाएको गहिरो निराशालाई शुक्रबारबाट प्रदर्शनमा आएका दुई फिल्म 'मोहर' र 'सिटामोल'ले केही हदसम्म चिर्न र आशा जगाउन सफल भएका छन् । पहिलो दिन शुक्रबार औसत प्रदर्शन गरेका यी दुवै फिल्मले शनिबार भने देशभर दर्शकको उत्साहजनक साथ पाए । अझ बढी 'मोहर'ले ।

शुक्रबार दुवै फिल्मको बिहानी शोमा देशव्यापी अकुपेन्सी २० प्रतिशतभन्दा तल थियो । दिउँसो र साँझपखका शोमा भने दुवैले देशव्यापी २५-३० प्रतिशत हाराहारी अकुपेन्सी हासिल गरे । यो उत्साहजनक नभए पनि निराशाजनक पनि थिएन । शुक्रबारको प्रदर्शनले शनिबार दुईवटै फिल्मको देशव्यापी अकुपेन्सीमा वृद्धि हुने प्रष्ट संकेत गरेको थियो । र, त्यो केही हदसम्म देखियो पनि ।

शनिबार बिहानसम्म दुवै फिल्मको शोमा देशभर दर्शकको चाप औसत थियो । तर, दिउँसो १ बजेपछि भने विशेषगरी 'मोहर'लाई काठमाडौंसहित नेपालगञ्ज, चितवन, पोखरा जस्ता सहरमा दर्शकको उत्साहजनक साथ मिल्यो । धेरैपछि बालाजुमा रहेको एक हजार सिट क्षमताको अष्टनारायण हल समेत हाउसफुल भयो । शनिबार फिल्मको देशव्यापी अकुपेन्सी ७० प्रतिशत नजिक थियो ।

'सिटामोल'ले शनिबार 'मोहर' बराबारको अकुपेन्सी हासिल गर्न नसकेको भए पनि शुक्रबार भन्दा फिल्म हेर्ने दर्शकको चापमा वृद्धि देखिन्थ्यो । काठमाडौं, नेपालगञ्ज, बुटवल, पोखरा, बनेपा जस्ता सहरमा फिल्म हेर्ने दर्शकको उपस्थिति सुखद् थियो । समग्रमा शनिबार फिल्मको देशव्यापी अकुपेन्सी ५० प्रतिशत आसपास रह्यो । यो फिल्मले दर्शकबाट प्रतिक्रिया भने लोभलाग्दो पाएको छ । शनिबार सुखद् विताएका 'मोहर' र 'सिटामोल'को बक्स अफिसमा वास्तविक परीक्षा भने आइतबार बाट सुरु भएको छ । किनकि, अब भनेको 'वर्ड अफ माउथ' (दर्शकीय प्रतिक्रिया)ले फिल्म चल्ने हो । शुक्रबार र शनिबार हल पुगेका दर्शकहरुले फिल्मबारे कस्तो प्रचार गर्छन्, त्यसले नै यी दुवै फिल्मको व्यापारिक भविष्य निर्धारण गर्नेछ । यसैले आइतबारदेखिको व्यापार महत्त्वपूर्ण छ ।

शुक्रबार र शनिबार दुवै फिल्मका कलाकारहरुले काठमाडौंका विभिन्न हलमा पुगेर दर्शकसँग साक्षात्कार गरेका थिए । सबैभन्दा धपेडी चाहिँ अभिनेत्री बेनिशा हमाललाई भयो । दुवै फिल्मकी उनी मुख्य अभिनेत्री हुन् । यसैले उनी कहिले 'मोहर' त कहिले 'सिटामोल' हेरेका दर्शकसित भेट गर्न थुप्रै हलमा पुगिन् । दुवै फिल्ममा आफ्नो कामको प्रशंसा हुँदा उनी गदगद देखिएकी थिइन् ।

ओम प्रतिकको लेखन तथा निर्देशनमा तयार भएको 'मोहर'मा बेनिशासहित पल शाह, नीति शाह, अर्जुन जंग शाही, लक्ष्मी गिरी, सारा शर्मा, रवीन्द्र झा, मिथिला शर्मा, पवित्रा साकी (मिस पबी) लगायतको अभिनय छ । देउकी कुप्रथा (बाइसे-चौबिसे राज्यको समयमा देवी-देवताको सेवा गर्न केटी चढाउने प्रचलन)को कथालाई केन्द्रमा राखेर बनेको फिल्मका निर्माता चुम्बनजंग शाही हुन् ।

त्यस्तै, राज बहादुर साने निर्देशित 'सिटामोल'मा बेनिशासहित सौगात मल्ल, श्रीकृष्ण निरौला, जानुका विश्वकर्मा, लोकेन्द्र लेखक, भुगोल कार्की, हिउँवाला गौतम, सुशील पोखरेल, दिनेश रेग्मी, आर आर खड्का, पवन भट्टराई, काजल भुजेल लगायतको अभिनय रहेको छ । 'जन्ते बाखो'का निर्देशक सिमोस सुनुवार प्रस्तुतकर्ता रहेको फिल्ममा राज बहादुर साने र प्रदीप भारद्वाजको लेखन छ ।

# बक्स अफिसमा 'महावतार नरसिंह'को गर्जन, कमाइ पुग्यो १७५ करोड

काठमाडौं/फिल्म रिलिज भएपछि जब दिन वित्दै जान्छ, तब कमाइ पनि घट्दै जान्छ । तर, एनिमेटेड भारतीय फिल्म 'महावतार नरसिंह'को हकमा भने ठीक उल्टो भइरहेको देखिन्छ । फिल्मले बक्स अफिसमा कमजोर सुरुवात गरेको थियो । तर, दर्शकबाट सकारात्मक प्रतिक्रिया आउन थालेपछि फिल्मको व्यापारमा वृद्धि हुन थाल्यो । अन्तत: प्रदर्शनको दुई हप्तामै यो फिल्म ब्लकबस्टर बनेको छ ।



भारु १५ करोडमा बनेको 'महावतार नरसिंह'ले हिन्दी, तमिल, तेलुगू, मलायलम र कन्नड भाषामा गरी प्रदर्शनको पहिलो दिन जम्मा १ करोड ३५ लाख नेट कमाइ गरेको थियो । जब फिल्मलाई दर्शकबाट सकारात्मक प्रतिक्रिया मिल्यो, त्यसपछि दोस्रो दिन नै कमाइमा १६२ प्रतिशत वृद्धि भयो । र, पहिलो साता सबै भाषामा गरी फिल्मले भारतमा नेट ४४ करोड ७५ लाखको कमाइ गऱ्यो ।

दोस्रो साता फिल्मको व्यापार अझ आक्रामक रह्यो । पाँच भाषामा फिल्मले दोस्रो साता ७३ करोड ४ लाख कमाइ गर्दै दुई सातामा १ सय १८ करोड नेट कमायो । तेस्रो सातामा फिल्म थप बलियो देखिएको छ । तेस्रो साताको शुक्रबार फिल्मले हिन्दी भर्सनमा ४ करोड ७० लाख र शनिबार १५ करोड कमाएको छ । योसँगै फिल्मको हिन्दी भर्सनको कमाइ मात्र नेट १ सय ४ करोड पुगेको छ ।

निर्माण कम्पनी हम्बेल फिल्म्सका अनुसार १६ दिनसम्म फिल्मको विश्वव्यापी कमाइ १ सय ७५ करोड ग्रस छ । योसँगै 'महावतार नरसिंह' भारतीय फिल्मको इतिहासमा ७६औं सबैभन्दा धेरै कमाउने फिल्म बनेको छ । फिल्मको व्यापारिक गति हेर्दा यसले भारतमा कम्तिमा पनि साढे २ सय करोडको आँकडा पार गर्न सक्ने देखिन्छ । यो फिल्मलाई अश्विन कुमारले निर्देशन गरेका हुन् ।

# कियाराको बिकिनी दृश्यमा कैंची चलाउन भारतीय सेन्सर बोर्डको निर्देशन

मुम्बई/ऋतिक रोशन र जुनियर एनटीआर स्टारर बलिउड फिल्म 'वार २' शुक्रबारदेखि प्रदर्शन तयारीमा छ । सन् २०२५ को यो बहुप्रतीक्षित बलिउड फिल्मलाई लिएर दर्शकमाझ प्रतीक्षा छ ।

यो फिल्ममा भारतीय सेन्सर बोर्डले केही निर्देशन दिएको छ । 'संवेदनशिल' केही दृश्यमा कटौती गर्न र अश्लिल संवादलाई म्युट गर्न त्यहाँको केन्द्रीय चलचित्र जाँच समितिले निर्देशन दिएको छ ।

६ ठाउँमा प्रयोग भएका अनुचित सन्दर्भलाई म्युट गर्न भनिएको छ । यो संवादको एक मिनेट पछि, एउटा पात्रले गरेको २ सेकेन्डको 'अश्लील' इशारा हटाउन भनिएको छ । बोर्डले संवेदनशिल दृश्यलाई ५० प्रतिशत कटौती गर्न समेत भनेको छ, जसको अवधि ९ सेकेन्ड छ । 'आवन जावन' गीतमा क्यिारा आडवाणीको बिकिनी लुकमा कैंची चलाउन भनिएको बुझिएको छ । यस गीतमा कियाराको हट अवतार टिजर र ट्रेलरबाट नै समाचारमा आएको थियो । सेन्सर बोर्डले दृश्य हटाउन भनेपछि अब फ्यानहरूले कस्तो प्रतिक्रिया दिन्छन् भनेर हेर्न बाँकी छ । यी दृश्यमा सर्त राख्दै बोर्डले फिल्मलाई १६ वर्षभन्दा माथिका दर्शकले हेर्न मिल्ने गरि सर्टिफिकेट दिएको छ । त्यतिबेला फिल्मको रनटाइम २ घण्टा ५९ मिनेट ४९ सेकेण्ड थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### निजी विद्यालयलाई गैरनाफामूलक बनाइने वाक्यांश हटाउन प्याब्सनको माग

# माग सम्बोधन नभए साउन २९ देखि आन्दोलनको चेतावनी

साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन)ले निजी विद्यालयलाई क्रमश: गैर नाफामूलक बनाइने वाक्यांश विद्यालय शिक्षा विधेयकबाट हटाउन माग गरेका छन् ।

काठमाडौंमा आईतवार पत्रकार सम्मेलन गर्दै उनीहरुले यस्तो माग गरेका हुन् । उनीहरुले पूर्णछात्रवृत्ति भन्ने शब्द विधेयकबाट हटाइनुपर्ने बताएका छन् । हाल अभ्यासमा रहेको जम्मा विद्यार्थी संख्याको १० प्रतिशत छात्रवृत्ति दिने प्रावधानलाई निरन्तरता दिइनुपर्ने उनीहरुको माग छ । छात्रवृत्ति अन्तर्गत भर्ना शुल्क, वार्षिक शुल्क र मासिक पढाइ शुल्क कायम हुनुपर्ने प्याब्सनले माग गरेको छ । पत्रकार सम्मेलनमा प्याब्सन केन्द्रीय कार्यसमिति महासचिव आरबी कटुवालले साउन २८ गतेभित्र आफूहरुका माग सम्बोधन गरी विधेयकमा संशोधन नगरे आगामी साउन २९ गतेदेखि आन्दोलन गर्ने चेतावनी दिएका छन् ।




अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन कार्यान्वयनमा निजीक्षेत्र वाधक रहेको बुझाई हो भने निजी विद्यालयलाई राष्ट्रियकरण गरी राज्यको मातहतमा लिने वा सबै विद्यार्थीलाई भौचर दिएर विद्यालय छान्ने अवसर निर्माण गर्नुको विकल्प नरहेको महासचिव कटुवालले बताए । विधेयकमा निजी लगानीमा सञ्चालित विद्यालयलाई क्रमश: गैर नाफामुलक बनाउँदै लैजाने प्रावधान, २०५८ सालमा सरकारले कम्पनी कानूनबमोजिम सञ्चालन गर्न दिनेगरी गरेको कानूनी व्यवस्था विपरित रहेको उनले बताए ।

प्रस्तुत विधेयकमा पूर्णछात्रवृत्ति शिक्षण शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक तथा शैक्षिक सामग्री, पोशाक, यातायातलगायत उपलब्ध गराउनुपर्ने भन्ने विषय कम्पनी कानूनको भावना र मर्मविपरित रहेको प्याब्सनको ठहर छ ।

राज्यको दायित्वभित्र पर्ने विषयलाई विषयान्तर गरी भ्रमपूर्ण ढंगले सार्वजनिक खपतका लागि कुनै संस्था वा समुदाय विशेषले राज्यले गर्न नसकेको काम गराउनलाई कानूनी व्यवस्था अव्यवहारिक, लगानी प्रतिकुल, पूर्वाग्रहले भरिपूर्ण र समग्र क्षेत्रलाई समूल नष्ट गर्ने उद्देश्यबाट लक्षित रहेको आरोप प्याब्सनले लगाएको छ ।

लगानीमैत्री शिक्षा नीति हुन नसक्ने कानून आउनु देशलाई विकासक्रमबाट पछि धकेल्नु र लगानीकर्तालाई हतोत्साहीत बनाउनु रहेको प्याब्सनको बुझाइ रहेको उनले बताए । एउटा लोकतान्त्रिक व्यवस्था अवलम्वन गरिरहेको राज्यको कानून निर्माण गर्ने व्यक्तिहरुबाट संविधानको सम्पूर्ण कार्यान्वयन निजीक्षेत्रले गर्ने हो भन्ने ढंगको गलत भाष्य निर्माण गरी, राज्यले गर्न नसक्ने काम निजीक्षेत्रबाट प्रवाह गराउन खोज्नु अव्यवहारिक र राज्यलाई अनुत्तरदायी बनाउने प्रयास रहेको महासचिव कटुवालले बताए ।

# गढीको बुदुनेखोलामा बेलिब्रिज बनेपछि आवागमन सहज



साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ मकवानपुरगढी गाउँपालिका-१ स्थित बुदुनेखोलामा बेलिब्रिजको निर्माणकार्य सम्पन्न भएको छ ।

गाउँपालिकाको बजेटमा तीन वर्षअघिबाट बुदुनेखोलामा बेलिब्रिज निर्माण सुरु गरिएकोमा योवर्ष मात्रै बेलिब्रिज जडानकार्य सम्पन्न भएको हो । बेलिब्रिज निर्माणसँगै हेटौंडा उपमहानगर पालिका र बकैया गाउँपालिका बासिन्दालाई आवागमनमा सहज भएको छ । मकवानपुरगढी गाउँपालिका-१ का वडाध्यक्ष आइतसिङ लोले तीनवर्षअघि पुल निर्माण गर्न जग, पिल्लरलगायत काम सम्पन्न भएकोमा अहिले बेलिब्रिज जडानकार्य सम्पन्न गरी सञ्चालन ल्याइएको जानकारी दिएका छन् ।

उनले ३५ लाख रुपैयाँको लागतमा पुल निर्माण गर्न जग, पिल्लरलगायत काम भएकोमा गत आर्थिक वर्ष २०८१/८२ मा मकवानपुरगढी गाउँपालिकाबाट विनियोजित २० लाख रुपैयाँको लागतमा बेलिब्रिज ल्याउने, जडान, रङरोगनलगायत कार्य पूरा भएको बताए । यातायात पूर्वाधार निर्देशनालय, हेटौंडामार्फत बेलिब्रिज उपलब्ध भएकोमा बेलिब्रिजका लागि नपुग फलाम खरिदसँगै रङरोगन, जडान, पहुँचमार्ग निर्माणलगायत कार्य गरी बेलिब्रिज सञ्चालनमा ल्याइएको उनले बताए ।

बेलिब्रिज निर्माणपछि मकवानपुरगढी गाउँपालिका-१ का बासिन्दासँगै बकैया गाउँपालिका-४ र ११ का बासिन्दालाई आवतजावत तथा हेटौंडा उपमहानगरपालिका-१८ का बासिन्दालाई घाँसदाउरा गर्न सहज भएको छ । पुलको अभावमा विद्यार्थीलाई शैक्षिक संस्था पुग्न र स्थानीयलाई गाउँघरमा उत्पादित कृषिजन्य वस्तु बजार पुऱ्याउन समस्या हुँदा बर्खाको समयमा ज्यान जोखिममा राखेर आवागमन गर्नुपर्ने बाध्यता रहेको थियो ।

जम्मा १४ मेट्रिकटन मात्र भारवहन क्षमता रहेको बेलिब्रिजबाट मकवानपुरगढीसँगै आसपासका पाँच हजारभन्दा बढी नागरिक लाभान्वित हुने भएका छन् । "बेलिब्रिज निर्माणपछि वर्षायाममा आवागमनका लागि सहज भएको छ," वडाध्यक्ष लोले भनें, 'बेलिब्रिजको पहुँचमार्ग सुधार, बेलिब्रिज र सडकको सुरक्षाका लागि मेसिनरी वाल, तारजाली लगायत कार्य गर्न गाउँपालिकाले चालु आव २०८२/८३ मा १५ लाख रुपैयाँ विनियोजन गरेको छ ।'

# 'पर्यापर्यटनको विकासमा सामुदायिक वनको भूमिका अहम्'



साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ सामुदायिक वन समूहले गरेका कामले विश्वमा नेपालको नाम राखेको हेटौंडामा आयोजित सामुदायिक वनको उपलब्धि र आगामी कार्यदिशाा विषयक छलफलमा सहभागीले बताएका छन् ।

दशौं सामुदायिक वन दिवसको अवसरमा सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरले आयोजना गरेको कार्यक्रममा रानी सामुदायिक वनका अध्यक्ष केशव धितालले सामुदायिक वनले समूहमा आवद्ध विपन्न वर्गका उपभोक्ताको आर्थिक स्थितिमा सुधार ल्याउनुको साथै पर्यापर्यटनको विकासमा महत्वपूर्ण काम गरेको बताए । तीनै तहका सरकारले सहयोग गर्नुपर्ने, सामुदायिक वनको कार्ययोजना समयमा नै नवीकरण हुनुपर्ने, समूहको भेला, लेखापरीक्षण, बैठक समयमा नै हुनुपर्ने, सरकारले लगाएको तेहेरो कर खारेज गर्नुपर्ने, वन्यजन्तुबाट क्षति भएका बालीनालीको क्षतिपूर्ति दिनुपर्ने, वनडढेलो नियन्त्रणमा सक्रिय हुनुपर्ने लगायत विषयमा सहभागीले आफ्नो धारणा राखेका थिए ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका कोषाध्यक्ष बलराम अधिकारीले सामुदायिक वनको उपलब्धि, आगामी कार्यदिशा र चुनौती विषयक कार्यपत्र पेश गरेका थिए । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यता एवम् सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा हेटौंडा-१० का वडाअध्यक्ष फुर्वादार्जे लामा, डिभिजन वन कार्यालय मकवानपुरका डिभिजनल वन अधिकृत राकेश प्रसाद चन्द्रबंशी, फेकोफन केन्द्रीय सदस्य रामहरि चौलागाई, महासंघ पूर्वअध्यक्ष पञ्चमाया स्याङतान, गैर सरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटा, स्थानीय महासंघ मकवानपुरका अध्यक्ष शम्भुप्रसाद न्यौपाने, सामुदायिक वनका पदाधिकारीलगायतको सहभागिता थियो । देशभर २३ हजार सामुदायिक वनले ३२ लाख हेक्टर वनको संरक्षण गरिरहेका छन् । यसवर्षको नारा 'समयमा नै कार्ययोजना नवीकरण गरौ सामुदायिक वनलाई गतिशील बनाऔं' भन्ने रहेको छ ।

# श्रम, उत्पादनमा वाईसियल अभियान, भ्रष्टाचारविरुद्ध आन्दोलन: छिन्तु

साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ नेकपा (माओवादी केन्द्र) बागमती प्रदेशका उपाध्यक्ष तथा प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी 'छिन्तु'ले 'श्रम र उत्पादनमा वाईसियल अभियान'लाई भ्रष्टाचारविरुद्धको अभियानको रुपमा वर्णन गरेका छन् । उनले यो अभियान टोलदेखि केन्द्रसम्म व्याप्त भ्रष्टाचार, विकृति र विसंगतिविरुद्ध सुरु गरिएको आन्दोलन भएको बताएका छन् ।

मकवानपुरगढी दरबार क्षेत्रको सरसफाइ कार्यक्रममा सहभागी हुँदै सांसद पुलामीले भने, 'यो अभियान झार फाँडेको मात्रै होइन, देशलाई वेथितितिर लैजाने र अकूत सम्पत्ति जम्मा गर्ने भ्रष्टाचारीको सफाइ गर्ने अभियान हो ।' उनले यो अभियान केवल वाइसीएल वा माओवादी केन्द्रको मात्र नभई आमनागरिकको अभियान हुनुपर्नेमा जोड दिए । समाजवाद, समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य प्राप्तिका लागि जनसहभागिता आवश्यक रहेको उनको भनाइ थियो ।



यसैक्रममा, नेकपा माओवादी केन्द्र बागमती प्रदेश सचिवालय सदस्य तथा बागमती गाउँपालिका अध्यक्ष सर्केस घलानले पनि देशको समृद्धि श्रम र उत्पादनमै आधारित रहेको धारणा राखे । 'अब शब्दले होइन, कर्मले देश विकास हुन्छ । श्रम गरेर देखाउने समय आएको छ' उनले भने ।

अध्यक्ष घलानले युवालाई श्रम र उत्पादनमा जोड दिनुपर्ने आवश्यकता औंल्याउँदै वाइसीएल अभियानलाई पार्टी, सरकार र जनताबीचको सेतुको रुपमा अघि बढाइएको स्पष्ट पारे । मकवानपुर वाइसीएलले सञ्चालनमा ल्याएको 'श्रमदान र उत्पादनमा वाईसियल अभियान' अन्तर्गत ऐतिहासिक मकवानपुरगढी दरबार क्षेत्रको सर सफाइ गरिएको हो ।

कार्यक्रममा नेकपा माओवादी केन्द्र मकवानपुरका संयोजक भीम पाख्रिन, सचिवालय सदस्य वीरबहादुर घलान 'ज्वाला', कमानसिंह पाख्रिन 'पृथक', वाइसीएल जिल्ला इन्चार्ज कमल अर्याल, सुमन पाख्रिन, जिल्ला अध्यक्ष मुक्ति लामा, गढी गाउँपालिका अध्यक्ष राजकुमार खड्का, उपाध्यक्ष युवराज सापकोटालगायत नेताहरुको उल्लेखनीय उपस्थिति थियो । अभियानले जनसहभागिता, सुशासन, श्रम र उत्पादनलाई जोड दिँदै विकृति, विसंगति र भ्रष्टाचारविरुद्ध जनचेतना फैलाउने लक्ष्य लिइएको छ ।

# हेटौंडामा सामूहिकरुपमा गाईजात्रा मनाइयो

साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ विगतका वर्षहरु झैं यसवर्ष पनि हेटौंडामा सामूहिकरुपमा गाईजात्रा मनाइएको छ । नेवा सांस्कृतिक पुच: हेटौंडाको आयोजनामा लाखेनाच, नेवारी बाजासहित सामूहिक गाईजात्रा निकालिएको हो ।

हेटौंडाको कृष्ण मन्दिर बाट निकालिएको गाईजात्रा बजारको विभिन्न भागको परिक्रमा गरि भुटनदेवी मन्दिरमा पुगेर समापन गरिएको हो । २०६४ सालदेखि हेटौंडामा सामूहिक गाईजात्रा निकाल्दै आएको छ । कोरोनाको समयमा सबैभन्दा बढी ९५ परिवार सहभागि भएका थिए । यसवर्ष विगतका वर्षहरुको तुलनामा गाईजात्रा निकाल्ने परिवार कम भएको हो । एकवर्षभित्र दिवंगत भएका आफन्तको सम्झनामा परिवारले गाई वा मानिसलाई गाईका रुपमा



सिँगारी नगर परिक्रमा गराउने प्रचलन नेवारी समुदायमा रहेको छ । गाईजात्रा पर्वका अवसरमा वागमती प्रदेश सर कारले सार्वजनिक बिदा दिएको छ ।

राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन 'जनतालाई आआफ्नो घरमा मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परि क्रमा गराउनू' भनी आदेश दिएका आधारमा यो पर्व सुरु भएको ऐतिहासिक तथ्य छ । यसबाट पनि रानीको मन शान्त हुन नसकेकाले विभिन्न प्रकारका प्रहसन तथा व्यंग्यात्मक कार्यक्रम समेत गराउने आदेश दिएअनुरुप हास्यव्यंग्यको प्रचलन चलेको हो भन्ने जनश्रुति पाइन्छ ।

प्रताप मल्लको पालादेखि प्रचलनमा आएको गाईजात्रा हनुमानढोका स्थित राजप्रासाद (राजदरबार) भएर जानुपर्ने प्रथा अहिलेसम्म पनि कायमै छ । देशका विभिन्न स्थानमा गाईजात्रा मनाइने भएपनि उपत्यकामा यसको विशेष रौनक देखिने गर्छ । भाद्र कृष्णअष्टमीका दिनसम्म मनाइने यसपर्वका क्रममा प्रहसन, सामाजिक विकृतिप्रति व्यंग्यात्मक प्रदर्शन, नाचगान तथा मृतकको सम्झनामा रामायणको करुणरसका गीतहरु पनि गाइन्छ ।

# भालेश्वरमा साउनको अन्तिम सोमबार महाआरती

साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ साउन २६ गते पर्ने अन्तिम सोमबारको अवसरमा चन्द्रागिरी भालेश्वर महादेव मन्दिर परिसरमा विशेष भक्तिमय उत्सव तथा महाआरती आयोजना हुने भएको छ ।

साउन महिनाको पवित्रतासँगै महादेवको महिमा झल्काउने उद्देश्यले चन्द्रागिरी हिल्स लिमिटेडले भक्तिमय उत्सव तथा महाआरती आयोजना गर्न लागेको हो । सोमबार दिन मन्दिर परिसरमा भक्तिमय वातावरणमा विशेष भजन-कीर्तन सञ्चालन हुनेछ । साँझ ६:३० बजेपछि विशेष महाआरती हुनेछ, जसमा भक्तजनलाई सहभागी हुन हार्दिक आमन्त्रण गरिएको छ । चन्द्रागिरी हिल्सले महाआरतीमा सहभागी हुन आउने भक्तजनको सुविधालाई मध्यनजर गर्दै विशेष टिकट अफर सार्वजनिक गरेको छ ।

केबलकार टिकटमा सोमबार दिइने २५ प्रतिशत छुटका साथै साँझ ४ बजेपछिको टिकट मात्र चारसय रुपैयाँमा उपलब्ध हुनेछ । यसअघि साउन महिनाका तीनवटै सोमबार चन्द्रागिरी भालेश्वर मन्दिर परिसरमा विशेष कार्यक्रम तथा महाआरती सम्पन्न भएको थियो । भक्तजनको उत्साहजनक सहभागिता भएकाले भक्ति तथा श्रद्धा अझै गरि मामय बनाउने उद्देश्यले अन्तिम सोमबारको दिनलाई विशेष भक्तिमय उत्सवकारुपमा मनाउन लागिएको हो । चन्द्रागिरी हिल्स लिमिटेडले सबै श्रद्धालुभक्तजनलाई समयमै उपस्थित भई दर्शन, भजन र महाआरतीमा सहभागी भई अध्यात्मिक ऊर्जा प्राप्त गर्न आमन्त्रण गरेको हो ।

## सम्पत्ति विवरण बुझाऔं

- सार्वजनिक पद धारण गरेको व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्बन्धित निकायमा सम्पत्ति विवरण बुझाइसक्नु पर्छ,
- राजिनामा वा अनिवार्य अवकास भई सेवा निवृत हुनेले समेत सेवा निवृत्त हुने आ.व. सम्मको सम्पत्ति विवरण बुझाउनु पर्छ.
- प्रदेश वा स्थानीय तहमा रहेका सार्वजनिक पद धारण गर्ने व्यक्ति तथा कर्मचारीले आफ कार्यरत कार्यालयमार्फत सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्छ,
- करारमा कार्यरत कर्मचारीले कार्यरत निकायमै सम्पत्ति विवरण बुझाउनु पर्छ,
- सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित व्यक्तिको हो,
- समयमा सम्पत्ति विवरण नबुझाउनेलाई कानून बमोजिम जरिवाना हुन्छ ।

*"त्यसैले समयमै सम्पत्ति विवरण बुझाऔं, सुशासनमा सहयोग गरौं"*

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना